# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/१२/०९**

हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतको लागि आवश्यक रहेको तपसिल बमोजिमको पदमा प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा नियुक्ति गरी कार्य गराउनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन दिनुहुन कार्यालयको मिति २०८२।१२।०५ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | विज्ञापन नं. | पद/तह | सेवा/ समूह | संख्या | काम गर्ने स्थान |
|---|---|---|---|---|---|
| १. | ३/०८२/८३ | मेडिकल अधिकृत/ अधिकृत आठौं | स्वास्थ्य/ ज.हे.स. | १ (एक) | हेटौडा उपमहानगरपालिका कार्यालय अन्तर्गतका अस्पताल |
| २. | ४/०८२/८३ | सूचना प्रविधि अधिकृत/ अधिकृत छैठौं सरह | प्रशासन/ विविध | १ (एक) | हेटौडा उपमहानगरपालिका कार्यालय वा अन्तर्गत |
| ३. | ५/०८२/८३ | गणक | | १० (दश) | हेटौडा उपमहानगरपालिका कार्यालयले खटाएको स्थानमा |

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यता :-**

**क) मेडिकल अधिकृत पदको लागि :**

(अ) मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरहको उपाधी हासिल गरेको साथै NMC मा दर्ता भएको ।

(आ) उमेरः दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**ख) सूचना प्रविधि अधिकृत पदको लागि :**

(अ) मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा ICT वा सो सरहको विषयहरु मध्ये कुनै विषय लिई स्नातक (BIT, BIM, BE in Electronics and Communication, BBIS, BCA, BCIS, BEIT, BSc, IT, CSIT) उत्तीर्ण गरेको ।

(आ) उमेरः दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**ग) गणक पदको लागि :**

(अ) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा १०+२ वा सो सरहको उपाधी हासिल गरेको।

(आ) उमेरः दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

२) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।

३) दरखास्त दिने स्थान :- हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय ।

४) दरखास्त दिने अन्तिम मिति :- २०८२ साल चैत्र २३ गते (उक्त दिन सार्वजनिक विदा परेमा सो को

प्रमुख प्रशासकीय अधिकृत

हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

भोलीपल्ट)

५) आवेदन दस्तुर :- मेडिकल अधिकृतको पदको लागि रु.१,२०० (एक हजार दुई सय मात्र), सूचना प्रविधि अधिकृतको लागि रु.१,२०० (एक हजार दुई सय मात्र) र गणक पदको लागि रु.२०० (दुई सय मात्र)

**६) छनौटको किसिम :-**

(अ) गणक पदको लागि अन्तरवार्ता

(आ) बुंदा नं. (अ) बाहेकका पदहरुको हकमा लिखित परीक्षा र अन्तरवार्ता

७) प्राथमिकता: मेडिकल अधिकृत बाहेकका पदको हकमा सम्बन्धित स्थानीय तहको स्थायी वासिन्दाले प्राथमिकता पाउने छ।

८) आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु

- नेपाली नगरिकता - न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र - तालिमको प्रमाणपत्र
- कार्यअनुभव भए सोको कागजात - निरोगिताको प्रमाणपत्र

९) सेवा सुविधा तथा कार्य अवधी :- मेडिकल अधिकृत र सूचना प्रविधि अधिकृतको हकमा सम्झौतामा उल्लेख भए बमोजिम तथा गणकको हकमा किसान सूचीकरण कार्यमा संलग्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धी खर्चको मापदण्ड (नर्म्स), २०८२ बमोजिम।

१०) कार्यविवरण:- मेडिकल अधिकृतको हकमा सम्बन्धित सेवा समूह पद तथा तहले गर्ने गरी तोकिएका कार्य तथा उपमहानगरपालिकाको नियमानुसार, सूचना प्रविधि अधिकृतको हकमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२, प्रदेश तथा स्थानीय सरकार सबलीकरण कार्यक्रमले तोके बमोजिम र उपमहानगरपालिकाको नियमानुसार तथा गणकको हकमा किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ र उपमहानगरपालिकाको नियमानुसार।

११) परीक्षा मिति, समय र स्थान: पछि सूचना प्रकाशित गरी जानकारी गराइनेछ।

१२) उल्लेखित पदको लागि आवेदनको ढाँचा कार्यालयको वेवसाइट hetaudamun. gov.np बाट उपलब्ध हुनेछ।

हेटौंडा उपमहानगरपालिका

प्रमुख प्रशासकीय अधिकृत